# स्थानीय निकाय संघ/महासंघ केन्द्रीय समन्वय समिति

## प्रेस विज्ञप्ति

मितिः २०७४।०५।२६

### स्थानीय तह महासंघको गठनबारे स्पष्टता सम्बन्धमा

स्थानीय तह संचालन तथा व्यवस्थापन विधेयकबारे व्यवस्थापिका संसदको विकास समितिमा मिति २०७४ भाद्र २५ गते भएको बैंठकमा स्थानीय तहहरुका महासंघको गठन सम्बन्धी व्यवस्था (दफा ९२) हटाउने बहुमतको निर्णय र सो सम्बन्धमा संचार माध्यममा आएको समाचारप्रति स्थानीय तह संघ/महासंघको गम्भिर ध्यानाकर्षण भएकोले सो सम्बन्धमा निम्नानुसार स्पष्टता गर्न चाहान्छौं ।

- नेपालमा विकेन्द्रिरण अभ्यासको शुरुवतासँगै विकास निर्माणको साथै राष्ट्रिय विकास नीति निर्माण, राष्ट्रिय कार्यक्रमहरुको सफल गराउन सहयोग, स्थानीय निकायहरुको क्षमता अभिबृद्धि, र स्थानीय स्वायत्तताको पक्षमा वकालत तथा पैरवी गर्दै आईरहेका स्थानीय निकायहरुको संघ/महासंघहरु राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत मन्त्रीपरिषद्को निर्णयबाट गठन भई संचालनमा रहेको छन् । स्थानीय तहमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरुको सहभागितामा यि संघ/महासंघ गठन हुने र सर्वसम्मत निर्णयबाट संचालन हुने गरेका छन् ।
- संघ/महासंघको गठनसँगै नेपाल सरकारका विभिन्न निकायहरु जस्तैः प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्च स्तरीय विकेन्द्रिकरण अनुगमन समिति, राष्ट्रिय विकास परिषद्, गरिवी निवारण कोष लगायत दर्जनौ समितिहरुमा संस्थागत प्रतिनिधित्व गरिरहेको तथा अन्तराष्ट्रिय स्तरका सञ्जालहरुमा समेत प्रतिनिधित्व गरिरहेको र लोकतन्त्र र संविधान निर्माणमा यि संस्थाहरुले निभाएका भुमिकाहरु सर्वविधितै छन् ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई प्रतिस्थापन गर्न स्थानीय शासन संचालन ऐन संसदबाट छिटो लागु गर्न र स्थानीय तहका संघ/महासंघको व्यवस्था ऐनमा नै हुन हामिले गरेको अनुरोध विपरित संघ/महासंघको गठन र संचालनको व्यवस्था ऐनमा नराख्ने सम्बन्धमा विकास समितिले गरेको निर्णय प्रति हाम्रो ध्यानाकर्षण भएको छ । संघ/संस्था संचालन गर्न पाउने अधिकारलाई संविधानबाटै सुरक्षित रहेको सन्दर्भमा उक्त अधिकारलाई ऐनबाटै व्यवस्थित होस् भन्ने आकांक्षालाई विकास समितिले मनन् गर्न सकेन । ऐनमा सो व्यवस्था नराख्दा महासंघहरु अस्थित्वमा नआउने र राख्दा आउने भन्ने होइन । विगतमा ऐनमा व्यवस्था नहुँदा पनि दर्ता गरि अस्थित्वमा आएकै थिए । अतः यस्तो तथ्य तर्फ ध्याननै नदिई सकारात्मक पक्षलाई अस्वीकार गर्दा सार्वभौम जनताका प्रतिनिधिहरुबीच तिक्तता र द्वन्द्व बढ्न जाने हुँदा अझै पनि उक्त निर्णयलाई पुर्नविचार गर्न सम्मानित व्यवस्थापिका संसद समक्ष हार्दिक आग्रह गर्दछौं । स्थानीय तहका संघ/महासंघको व्यवस्थाले सहशासनमा थप मद्दत मिल्ने, स्थानीय तहहरुलाई व्यवस्थित र प्रभावकारी बनाउने छन् ।
- विकास समितिले गरेको उक्त निर्णयको जानकारी गराउने क्रममा सरकारी मुखपत्र सहित केही सञ्चार माध्यमबाट संप्रेषण भएको समाचारले भ्रम सृजना गरेको छ. । विकास समितिले गरेको निर्णयमा संघ/महासंघको गठनको व्यवस्था स्थानीय सरकार ऐनमा नराख्ने मात्र निर्णय भएको हो । विगतमा महासंघ गठन सम्बन्धी स्थानीय स्वायत्त शासन ऐनमा व्यवस्था नभएता पनि राष्ट्रिय निर्देशन ऐन अन्तर्गत गठन भई सकृय रहेको र कुनै ऐनमा व्यवस्था हुँदा वा नहुँदा संविधानतः संगठित हुन पाउने अधिकार, विगतको अभ्यास र प्रचलित अन्य कानून अनुसार स्थानीय तहका पदाधिकारीहरुले आफ्नो सञ्जाल संचालन गर्न कुनै समस्या नरहेको समेत जानकारी गराउँदछौं । यसर्थ प्रस्तावित ऐनमा महासंघ गठनको प्रावधान नराख्नु भनेको कानूनतः स्थापना भई प्रचलन र अभ्यासमा रहेका संघ संस्थाहरुको अस्थित्व समाप्त भएको भन्ने आसयका समाचार सत्य नभएको कुरा सम्बद्ध सबैमा जानकारी गराउँछौं ।

| | | |
|---|---|---|
| नारायणप्रसाद कोइराला | डोरमणी पौडेल | माधव पौडेल |
| गाविस राष्ट्रिय महासंघ नेपाल | नेपाल नगरपालिका संघ | जिविस महासंघ नेपाल |